प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## डिप्लोमा तथा प्रमाणपत्र तहको विशेष मौका (आंशिक) परीक्षाको आवेदन फाराम भर्ने सम्वन्धी अत्यन्त जरुरी सूचना

(सुचना प्रकाशित मिति २०७८।०९।१८ गते)

यस परिषद्का आंगिक, साझेदारी, सामूदायिक विद्यालय र निजी स्तरमा संचालित शिक्षण संस्थाहरुमा शैक्षिक सत्र २०७०/७१ (२०१३) सम्म भर्ना भई रजिस्ट्रेशन कायम भएका डिप्लोमा इन इन्जिनियरिङ्ग, फुड एण्ड डेरी टेक्नोलोजी, सूचना प्रविधि र होटल म्यानेजमेन्ट कार्यक्रमको प्रथम बर्ष प्रथम खण्ड/दोश्रो खण्ड, दोश्रो बर्ष प्रथम खण्ड/दोश्रो खण्ड, तेश्रो बर्ष प्रथम खण्ड/दोश्रो खण्ड तथा प्रमाणपत्र तह नर्सिङ्ग, सामान्य चिकित्सा, कृषि, ल्याब टेक्नोलोजी, रेडियोग्राफी, होमियोप्याथी, डेण्टल साइन्स (डेण्टल हाइजिन), अप्थाल्मिक साइन्स, डिप्लोमा इन फार्मेसी, सामान्य आयुर्वेद चिकित्सा, फरेष्ट्री र अकुपन्चर कार्यक्रमको प्रथम, दोश्रो र तेश्रो वर्षको अन्तिम परीक्षामा पाठ्यक्रमले निर्धारण गरेको समयावधि भित्र परीक्षा दिई अनुत्तीर्ण भएका विद्यार्थीहरुको **विशेष मौका (आंशिक) परीक्षा** काठमाण्डौ उपत्यकामा संचालन हुने भएकोले मिति ***२०७८ साल माघ ०३ गते भित्र नियमित शुल्कमा र २०७८ साल माघ ०९ गते भित्र विलम्व शुल्कमा*** परीक्षा आवेदन फाराम भर्ने म्याद तोकिएको हुंदा सम्वन्धित शिक्षण संस्थाहरुले अनिवार्य रुपमा विद्यार्थीहरुबाट परीक्षा आवेदन फाराम भराई परिषद्का सम्बन्धित प्रदेश कार्यालयहरुमा बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ । ***साथै निम्न शर्तहरु पूरा नभएका र तोकिएको समयभित्र आवेदन फाराम नबुझाउने शिक्षण संस्थाका विद्यार्थीहरुलाई परीक्षामा सम्मिलित नगराइने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।***

**शर्तहरु :**

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरु सबै भरिएको हुनुपर्नेछ । आवेदन फाराममा परीक्षार्थीको हालसालै खिचेको दुबै कान सहित अनुहार प्रष्ट देखिने पासपोर्ट साईजको फोटो टांसिएको हुनुपर्नेछ ।

२. परीक्षा शुल्क प्रति विषय रु.३००।- प्रत्येक थप विषयको लागि रु.१५०।- का दरले नियमित शुल्कमा र बिलम्व शुल्क प्रति विद्यार्थी तोकिएको शुल्कको दोब्बर दस्तुर बुझाउनु पर्नेछ ।

३. परीक्षा आवेदन फारामसाथ ***समष्टीगत फारामको प्रमाणित प्रति* Printed Copy *दुई प्रति र एक प्रति* Soft Copy *समेत (*Excel 7.0** मा*)* अनिवार्य रुपमा बुझाउँनुर्नेछ ।

४. आन्तरिक मूल्यांकन परीक्षामा उतिर्ण परीक्षार्थीहरु मात्र अन्तिम परीक्षामा सामेल हुन पाउने छन । आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तीर्ण **(NQ)** परीक्षार्थीहरुले अनुत्तीर्ण विषय उल्लेख गरी परीक्षामा सामेल भएमा निजको सो परीक्षा स्वतः रद्द हुने छ । तसर्थ परीक्षार्थीहरुको प्राप्तांक दरखास्त फाराममा अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ । परीक्षार्थीहरुको आन्तरिक मूल्यांकनको ***प्रमाणित* Printed Copy *एक प्रति र* Soft Copy (DVD) Excel 7.0 *मा*** अनिवार्य रुपमा संलग्न गर्नुर्नेछ ।

५. अन्य संस्थावाट रजिष्ट्रेशन भएका विद्यार्थीहरुको हकमा उक्त संस्थाको नाम परीक्षा आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ ।

६. परीक्षा आवेदन फाराम परिषद्, परीक्षा नियन्त्रण कार्यालय तथा परिषद्का प्रदेश कार्यालयहरुबाट उपलव्ध हुनेछ । आवेदन फाराम व्यक्तिगत रुपमा बुझिने छैन । उक्त फाराम सम्बन्धित शिक्षण संस्था मार्फत बुझाउनु पर्नेछ ।

७.***सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षाको आवेदन फारामहरु मिति २०७८ साल माघ ०३ गते भित्र नियमित शुल्कमा र २०७८ साल माघ १० गते भित्र विलम्व शुल्कमा परीक्षा आवेदन फाराम* परिषद्का सम्बन्धित प्रदेश कार्यालयहरुमा *अनिवार्य रुपमा बुझाउनु पर्नेछ । म्याद नाघी प्राप्त भएका आवेदन फारामहरु माथी कुनै पनि कारवाही हुने छैन ।***

८. शिक्षण संस्थाहरुले सम्बन्धित परिषद्, प्रदेश कार्यालयको देहायको वैक खातामा रकम जम्मा गर्नुपर्नेछ :

(क) प्रा. शि. व्या. ता. परिषद्, १ नं. प्रदेश कार्यालय, ईटहरी, सुनसरीः रा. बा. बैङ्क, इटहरी शाखा, च. हि. नं. २५५०१००००१२७८००१

(ख) प्रा.शि.व्या.ता.परिषद्, २ नं. प्रदेश कार्यालय, जनकपुर, धनुषाः रा. बा. बैङ्क, जनकपुर शाखा, च. हि. नं. १५२०१००००२६३९००१

(ग) प्रा.शि.व्या.ता.परिषद्, बागमती प्रदेश कार्यालय, मकवानपुर, हेटौडाः रा.बा.बैङ्क, हेटौंडा शाखा, च. हि. नं. १३००१००००३६६९००१

(घ) प्रा.शि.व्या.ता.परिषद्,गण्डकी प्रदेश कार्यालय, पोखरा, कास्कीः रा.बा.बैङ्क, पार्दी, पोखरा शाखा, च.हि.नं. ३५००१०००००२३४००१

(ङ) प्रा.शि.व्या.ता. परिषद्, लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रुपन्देहीः रा. बा. बैङ्क, बुटवल शाखा, च. हि. नं. ३३६०१०००००३६१००१

(च) प्रा.शि.व्या.ता.परिषद्, कर्णाली प्रदेश कार्यालय, बिरेन्द्रनगर, सुर्खेतः रा.बा.बैङ्क, सुर्खेत शाखा, च. हि. नं. ४०८०१०००१५५२८००१

(छ)प्रा.शि.व्या.ता.परिषद्,सुदुर पश्चिम प्रदेश कार्यालय, धनगढी, कैलालीःरा.बा.बैङ्क, धनगढी शाखा,च.हि.नं. ४१७०१००००६५०८००१

शुल्क जम्मा गरेको सकल बैंक भौचर परीक्षा आवेदन फाराम साथ संलग्न गर्नु पर्नेछ ।

९.परीक्षार्थीहरुको **Symbol No.** परिषद्को वेभसाइट www.ctevtexam.org.np मा उल्लेख भए अनुसार हुनुपर्नेछ ***र* Symbol No.** राख्दा **Numbering Machine *मा रातो रङ्गको मसीको प्रयोग अनिवार्य रुपमा गरेको हुनुपर्नेछ ।***

१०.अन्य विस्तृत जानकारीको लागि www.ctevtexam.org.np र परिषद्का प्रदेश कार्यालयहरु वा परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरमा सम्पर्क राख्नुहोला ।

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**